# शहिद लखन गाउँपालिका

# बालि बिमा सहयोग कार्यक्रम संचालन कार्यविधी

# २०७६

प्रमाणित

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

शहिद लखन गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घैरुङ, गोरखा
२०७३

शहिद लखन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

घैरुङ्ग, गोरखा

# बाली बिमा सहयोग कार्यक्रम संचालन कार्यबिधि, २०७६

**प्रस्तावना** : कृषकहरुले गरेको खेतिलाई बिभिन्न जोखिमहरु बाट पर्न जाने क्षतिको सुनिश्चित गरी कृषकहरुलाई कृषि पेशामा आकर्षण गराई उत्पादन बृद्धि गर्नको लागि यो **बाली बिमा कार्यक्रम संचालन कार्यबिधि** २०७६ निर्माण गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यस कार्यबिधिको नाम**"बाली बिमा सहयोग कार्यक्रम संचालन कार्याबिधि २०७६"** रहनेछ ।

ख) यो कार्यविधि शहिद लखन गाउँपालिका, गाँउ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागु हुनेछ ।

## परिच्छेद २
## परिभाषा

**२. परिभाषा:**

क) **"बिमा"** भन्नाले कृषक र बाली बिमा कम्पनी द्वारा सम्झौता गरिएको निश्चित बालीको बिमा सम्बन्धी सम्झौता सम्झनु पर्दछ ।

ख) **"बाली"** भन्नाले कृषकले आफ्नो खेत बारीमा रोपेको खडा बालीलाई जनाउँदछ ।

## परिच्छेद ३
## उद्देश्य

**३.कार्यक्रमका उद्देश्यहरु :**

**कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम हुनेछन :**

क) कृषकहरुले लगाएको बालीको आंशिक जोखिम न्यूनीकरण गर्ने ।

ख) बालीनालीको क्षतिपूर्तिको सुनिश्चितता गर्ने ।

ग) व्यवसायिक खेतीतर्फ कृषकहरुलाई आर्कषण गर्ने ।

## परिच्छेद ४
## छनौट समिति

**४. छनौट समिति:**

**१. छनौट समिति देहाय बमोजिम हुनेछ ।**

क) प्रमुख प्रशासकीय अधिकृत — संयोजक

ख) प्रशासन शाखा प्रमुख — सदस्य

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थैरङ, गोरखा

जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

ग) योजना शाखा प्रमुख — सदस्य
घ) पशु सेवा शाखा प्रमुख — सदस्य
ङ) कृषि शाखा प्रमुख — सदस्य सचिव

**५. छनौट समितिको काम, कर्तव्य र अधिकार:**
छनौट समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :
क) प्रकाशित सूचना अनुसार प्राप्त निवेदनका आधारमा लाभग्राहीको प्राथमिकीकरण गर्ने,
ख) लाभग्राहीको छनौट गर्ने,

**६. प्राप्त आवेदनहरुको आधारमा छनौट समितिले छनौट गरेको सूचि स्वीकृत हुनुपूर्व कम्तीमा ७ दिनको सार्वजनिक सूचना प्रकाशन गर्न सक्नेछ ।**

**७. छनौट भएका आवेदनहरु स्वीकृतीका लागि प्रमुख प्रशासकीय अधिकृत समक्ष कृषि विकास शाखाले पेश गर्नु पर्ने छ ।**

**८. स्वीकृत भएका कार्यक्रमहरु संझौता गरी कार्यान्वयन गरीनेछ ।**

## परिच्छेद ५
## कार्यक्रम संचालन

**९.कार्यक्रम संचालन प्रक्रिया**
क) कार्यक्रम संचालन गर्न गाउँ कार्यपालिकाको कार्यालयले सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।
ख) गाउँपालिका भित्र कुनैपनि कृषकले आफ्नो कृषि बालीको बिमा सम्बन्धीत बिमा कम्पनीसँग सम्झौता गर्नु पर्नेछ ।
ग) सम्झौता गरी कृषकहरुले बिमाङ्क तिरेको रसिदको फोटोकपी र निबेदन दिई अनुदान माग गर्न सक्नेछ ।
घ) भुक्तानी माग भई आई सकेपछि स्थलगत निरीक्षण गरी सम्बन्धित वडा र कृषि शाखाको सिफारिस लिई नियमानुसार प्रक्रिया अगाडि बढाई विमाङ्क तिरेको रसिदको आधारमा २५ प्रतिशत सम्म अनुदान रकम कृषक, समूह र संस्थालाई प्रदान गरिनेछ ।
ङ) कार्यक्रम संचालनको क्रममा केही बिबाद उत्पन्न भएमा कृषि कार्यक्रम छनौट समितिको बैठकले निर्णय गरे बमोजिम हुनेछ ।

## परिच्छेद ६
## विविध

**१०. अनुगमन :** संचालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन गाउँपालिका, वडा कार्यालय, कृषि विकास शाखाले गर्न सक्नेछ ।

शहिद लखन गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय थैरङ, गोरखा २०७३

२०७६/८/१९
जीवन बहादुर आले मगर
प्रमुख प्रशासकीय अधिकृत

**११. प्रचलित कानून बमोजिम हुने:** यस कार्यविधिमा लेखिएको विषयमा यसै कार्यविधि बमोजिम र नलेखिएको विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१२. वाधा अड्काउ फुकाउः** यो कार्यविधिको कार्यान्वयनमा कुनै वाधा अड्काउ आइपरेमा कृषि कार्यक्रम छनौट समितिले बाधा अड्काउ फुकाउन सक्नेछ ।

**१३. संशोधन :** यो कार्यविधि आवश्यकता अनुसार गाउँ कार्यपालिकाले थप घट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

मितिः२०७६।०५।१९ गतेको गाउँ कार्यपालिकाको बैठकबाट पारित भएको व्यहोरा प्रमाणित गर्दछु।

नामः जीवन बहादुर आले मगर

पदः प्रमुख प्रशासकीय अधिकृत

दस्तखतः

प्रमाणिकरण मितिः २०७६।०५।१९

जीवन बहादुर आले मगर

प्रमुख प्रशासकीय अधिकृत